नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**सार्वजनिक खरिद अनुगमन कार्यालय**
रेडक्रसमार्ग, ताहाचल, काठमाडौं

फोन नं. - ०१-४२८५४४२
फ्याक्स नं.-०१-४०३०५७३
Email - monitoring.ppmo@gmail.com

पत्र सं.- ०७८/७९
च.नं.-

मितिः २०७८।०५।०३

# प्रेस विज्ञप्ति

## वार्षिक प्रतिवेदन, २०७८ नेपाल सरकार समक्ष पेश गरिएको ।

सार्वजनिक खर्चबाट अधिकतम प्रतिफल हासिल गर्ने गरी खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारीता, जवाफदेहीता र विश्वसनीयता प्रवर्द्धन गर्न सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ कार्यान्वयनमा रहेको छ । सार्वजनिक निकायबाट हुने खरिद कार्यको अनुगमन, नियमन र सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६४ बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहने गरी वि. सं. २०६४ भाद्र ३ गते स्थापना भएको सार्वजनिक खरिद अनुगमन कार्यालयको वार्षिक उत्सवको शुभ अवसरमा सार्वजनिक खरिदमा संलग्न सबै सार्वजनिक निकाय र सरोकारवाला सबै पक्षहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।


सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिवज्यूबाट श्रीमान् मुख्य सचिवज्यू समक्ष वार्षिक प्रतिवेदन पेश गर्नुहुँदै


श्रीमान् मुख्य सचिवज्यू वार्षिक प्रतिवेदन ग्रहण प्रश्चात कार्यालयका कर्मचारीसँग

कानूनद्वारा निर्धारित जिम्मेवारी पूरा गर्ने क्रममा उक्त ऐनको दफा ६५ र नियमावलीको नियम १४४ बमोजिम तोकिएका काम, कर्तव्य र अधिकारको परिधिमा रही आर्थिक वर्ष २०७७/०७८ मा सम्पादन गरेका मुख्य-मुख्य कार्यहरू सहितको प्रतिवेदन (प्रतिवेदन यस कार्यालयको वेबसाइटः www.ppmo.gov.np मार्फत सार्वजनिक गरिएको छ) आजको यस शुभ दिनमा यस कार्यालयका सचिव श्री देव कुमारी गुरागाईंज्यूको नेतृत्वमा कार्यालयबाट नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागीज्यू समक्ष पेश गरियो ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**सार्वजनिक खरिद अनुगमन कार्यालय**
रेडक्रसमार्ग, ताहाचल, काठमाडौं

फोन नं. - ०१-४२८५४४२
फ्याक्स नं.-०१-४०३०५७३
Email - monitoring.ppmo@gmail.com

पत्र सं.- ०७८/७९

प्रतिवेदन पेश गर्ने क्रममा कार्यालयका सचिव श्री देवकुमारी गुरागाईंज्यूबाट आ. व. २०७७/०७८ मा कार्यालयले प्राप्त गरेको मुख्य मुख्य उपलब्धि र कार्यालयको विद्यमान चुनौतीका बारेमा विवरण प्रस्तुत गर्नु भएको थियो । वार्षिक प्रगति प्रतिवेदन प्राप्ति प्रश्चात नेपाल सरकारका मुख्य सचिवज्यूबाट सार्वजनिक खरिद मुलुकको विकाससँग जोडिएको तथा अति आवश्यक तर जटिल रूपमा रहेको अनुभव गरिएको धारणा व्यक्त भएको थियो । यस कार्यालयले नियमन र अनुगमनलाई प्राथमिकता दिई पारदर्शिता, मितव्ययीता एवम् विश्वसनीयता अभिवृद्धि गर्ने क्रममा महत्वपूर्ण भूमिका निभाउनु पर्ने देखिन्छ । गत आ. व. मा स्वीकृत ई.पी.सी. माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले ई.पी.सी. खरिद विधिको नमूना बोलपत्र कागजात तयार गरेको र विशेष परिस्थितिको खरिदलाई सहजीकरण गर्ने व्यवस्था मिलाएको जस्ता महत्वपूर्ण काम गरेकोमा कार्यालयको प्रशंसा गर्नुभयो । मन्तव्यकै क्रममा सार्वजनिक निकायबाट खरिद प्रक्रियालाई जोखिमको रूपमा लिई पन्छिने प्रवृति बढेकोले कार्यालयले यसतर्फ विशेष ध्यान दिनुपर्ने तथा सार्वजनिक खरिदलाई व्यवस्थित गर्ने क्रममा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई आवश्यक जनशक्ति र श्रोत उपलब्ध गराउन नेपाल सरकारको प्रतिवद्धता दोहोऱ्याउँदै पेश प्रतिवेदन नेपाल सरकार (मन्त्रिपरिषद्) को बैठकमा मुख्य सचिवज्यूले जानकारी गराउने बताउनु भयो ।

Bishnu 2078/04/03

विष्णु प्रसाद कोइराला
सहसचिव/प्रवक्ता